नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आषाढ/श्रावण २०८१ (July 2024) वर्ष २७/अङ्क ३०७

## हामीले के गर्ने ?

- पाष्टर सिमोन पाठक

तपाईंको हृदय छियाछिया भएको कुनै अनुभव छ ? त्यस्तो समयमा तपाईंले कुनै प्रश्न गर्नुभएको छ ? पवित्र आत्माको आगमन भएको दिनमा चेलाहरू सहित एक सय बीस जना पवित्र आत्माले भरिए । पवित्र आत्माले भरपूर भई प्रभु येशूका चेला पत्रुसले योएल अगमवक्ताले गरेको भविष्यवाणीलाई उद्धृत गरेर प्रचार सुरु गरे अनि येशूलाई क्रुसमा चढाएर मानिसहरूले गरेको निन्दा र वेदनालाई सविस्तार व्याख्या गर्दै सुसमाचार प्रचार गरे । उनको प्रचार सुन्दा सुन्दै मानिसहरूको हृदय छियाछिया भयो ।

**"यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने ?"** (प्रेरित २:३७)

मानिसहरूले हामीले के गर्ने भनी सोधेको प्रश्नको जवाफमा पत्रुसले मानिसहरूलाई भने, "पश्चाताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौं" (प्रेरित २:३८) । पश्चाताप गर्नु र बप्तिस्मा लिनु ।

__पश्चाताप गर्नु:__ येशू तर्फ फर्कनु हो । पापलाई पूरै छोड्नु हो । हृदयलाई पूर्णरुपमा परिवर्तन गर्नु हो । जीवन परिवर्तन गर्नु हो ।

**"यदि मानिसले पश्चात्ताप गरेन भनेता, उहाँले आफ्नो तरवारमा शान लाउनुहुनेछ । उहाँले आफ्नो धनुमा ताँदो चढाउनुहुनेछ"** (भजनसंग्रह ७:१२) ।

**"आफ्ना पापहरू लुकाउनेको उन्नति हुँदैन, तर जसले ती स्वीकार गर्छ र त्याग्छ, त्यसले कृपा पाउँछ"** (हितोपदेश २८:१३) । **"यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोखा दिन्छौं, र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौ भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ"** ( १ यूहन्ना १:८-९) ।

प्रेरित २:३८ मा पश्चात्तापसँगै पानीको बप्तिस्मालाई पनि जोड् दिएको छ । साँचो हृदयले विश्वास गर्नेले बप्तिस्मा लिनुपर्छ । तर बप्तिस्मा नलिएको व्यक्तिले मुक्ति पाएको छैन भन्ने चाहिँ होइन । मुक्ति येशूलाई ग्रहण गरेको दिनमा नै प्राप्त हुन्छ । येशू प्रभु क्रूसमा टाँगिनुभएको समयमा दुईजना अपराधीहरू पनि दायाँ र बायाँ टाँगिएका थिए । एकजनाले शंका गर्‍यो, अर्कोले येशूलाई विश्वास गर्‍यो ।

**विश्वास गर्नेलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ"** (लूका २३:४३) ।

मृत्युको मुखैमा पुगेको समयमा त्यो मानिसले विश्वास गर्‍यो । उसलाई पानीको बप्तिस्मा लिने समय थिएन । तर उसले अनन्त जीवन पायो । प्रभु येशूमा विश्वास गर्नेहरू मध्ये कति जनालाई पानीको बप्तिस्मा लिनका लागि मौका हुँदैन, कतिजना लिन इच्छा हुँदाहुँदै पनि विविध कुराले रोकिएका हुन्छन् । ती व्यक्तिहरूको अवस्थालाई प्रभु जान्नुहुन्छ । तर जति जनालाई पानीको बप्तिस्मा लिन कुनै बाधा छैन भने पानीको बप्तिस्मा लिन ढिलाई गर्नुहुन्न । त्यो समयमा पत्रुसको प्रचार सुन्ने यहूदीहरू थिए । उनीहरू यहवे परमेश्वरमा विश्वास गर्थे । त्यसकारण येशूलाई प्रभु भनी विश्वास गर्नेहरूलाई तुरून्त बप्तिस्मा दिए । तर अहिले हामी तुरून्तै बप्तिस्मा दिँदैनौ । पहिला शिक्षा दिन्छौं । प्रभुलाई चिन्न र प्रभुलाई पछ्याउने कुरामा जोड् दिन्छौं । अनि मात्र बप्तिस्मा दिन्छौं कारण पानीको बप्तिस्मा लिइसकेपछि मैले त बुझ्दै नबुझी पानीको बप्तिस्मा लिएँ भन्नु नपरोस् । प्रेरित २:३८ मा येशूको नाउँमा बप्तिस्मा लिनु भनेको येशूको नाउँको अधिकारमा बप्तिस्मा लिनु हो ।

मत्ती २८:१८-१९ **"तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।"**

यो भन्दा बाहिर गएर येशूको नाउँमा मात्र, पिताको नाउँमा मात्र, पवित्र आत्माको नाउँमा मात्र बप्तिस्मा दिने वा लिने काम हुन्छ भने त्यो बप्तिस्मा परमेश्वरको इच्छाअनुसार भएको हुँदैन । पानीको बप्तिस्मा बाइबलिय शिक्षाअनुसार विश्वास गर्ने मण्डलीहरूमा बप्तिस्मा दिनका लागि मण्डलीका अगुवा झुण्डले अनुमति दिएका पास्टर वा अगुवाहरूबाट "पिता र पुत्र र पवित्र आत्माको नाउँमा" लिनुपर्छ । अब हामीले के गर्ने ? भनी मानिसहरूले सोधेको प्रश्नको जवाफमा अहिले नै गरिहाल भनी दिएको पहिलो आदेश पश्चात्ताप गर र बप्तिस्मा लेऊ ।

त्यसपछि अर्तीको रूपमा दिएको दोस्रो आदेश चाहिँ हो: __**दुष्टताबाट अलग रहनु ।**__

**"अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ ।"** (प्रेरित २:४०)

यस दुष्ट पुस्ताबाट आफैलाई बचाओ भन्नुको अर्थ पत्रुसले जुन कुरा प्रचार गरे ठीक त्यसअनुसार एउटा व्यक्तिले गर्ने र त्यसअनुसार जिउने भन्ने हुन्छ । दुष्ट पुस्ता भन्नुको मतलब जुन आकारमा बनिनुपर्ने, हिँड्नुपर्ने त्यो अनुसार नभएर फरक किसिमको आकारमा बनिँदै जानु भन्ने हुन्छ । मानिसहरू परमेश्वरले इच्छा गरेअनुसार सोझो, निर्दोष भएर जिउनुपर्ने तर त्यसअनुसार नहिँड्नु, नजिउनु चाहिँ दुष्टतामा चल्नु हो । मानिसहरूमा दुष्टता छ, बाङ्गोपना छ, अधार्मिकता छ, ईश्वरहिनता छ, पापले भरिएको छ । त्यस्ता कुराहरूबाट आफैलाई बचाउन पर्दछ । दुष्ट पुस्ताबाट आफैलाई बचाउनु भन्ने कुराले: तिमीहरूले पवित्र आत्मा पाएका छौं । अब तिमीहरूको जीवन परिवर्तन हुनैपर्छ । तिमीहरू यो दुष्ट पुस्तामा जिइराखेका छौं । तर अब प्रभुलाई नचिन्ने मानिसहरू जस्तो जीवन अब नजिओ । तिमीहरू अरूभन्दा भिन्दै हुनैपर्छ । अंग्रेजीमा 'यू मस्ट डु दिस्' भन्यो भने तिमीले यो गर्नैपर्छ, नगरी बस्ने छुटछैन भन्ने हुन्छ । त्यसरीनै पवित्र आत्मा पाएकाहरू, पश्चात्ताप गरेकाहरू, पानीको बप्तिस्मा लिएकाहरू दुष्टताबाट टाढा रहनु नै पर्छ । दुष्टतालाई छोड्न नसक्नु चाहिँ पापलाई छोड्न नसक्नु हो । किनकि दुष्टताको जरा नै पाप हो । दुष्टताको मालिक

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| आषाढ २९ गते<br>July 13 | एल्डर<br>रत्नमान महर्जन | डीकन<br>राजु तामाङ्ग | एल्डर<br>बागमान तामाङ्ग | डीकन<br>राम ब.तामाङ्ग | श्री<br>मिन ब. तामाङ्ग | पाष्टर<br>घनश्याम दाहाल | एल्डर<br>श्रीलक्ष्मी सैंजु |
| श्रावण ५ गते<br>July 20 | एल्डर<br>अर्जुन ढकाल | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>रत्नमान महर्जन | डीकन<br>भूपाल लामा | श्री<br>सुचन तामाङ्ग | श्री<br>जीवन खालिङ | पाष्टर<br>रूबेन श्रेष्ठ |
| श्रावण १२ गते<br>July 27 | पाष्टर<br>सिमोन पाठक | डीकनेस्<br>रश्मिला तामाङ्ग | डीकन<br>युसुफ श्रेष्ठ | एल्डर<br>बागमान तामाङ्ग | एल्डर<br>वीर ब. के.सी. | श्री<br>स्टिफन राई | डीकन<br>सिमोन भण्डारी |
| श्रावण १९ गते<br>August 3 | पाष्टर<br>अशोक मुखिया | श्रीमती<br>माया तामाङ्ग | श्री<br>पिटर घिमिरे | श्री<br>माया लामा | एल्डर<br>मन ब. मगर | पाष्टर<br>बि.बि.खवास | पाष्टर<br>रूबेन श्रेष्ठ |

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ २९ गते<br>July 13 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>लाक्पा लामा | डीकनेस्<br>सलोमी दों | डीकन<br>अमृत लामा | श्री<br>विकास श्रेष्ठ | डीकन<br>कृष्ण श्रेष्ठ | डीकन<br>उमेश मगर | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | डीकन<br>सुर्य तामाङ्ग |
| श्रावण ५ गते<br>July 20 | एल्डर<br>राज गुरुङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | पाष्टर<br>प्रेम श्रेष्ठ | श्री<br>मोहन श्रेष्ठ | डीकन<br>अमृत लामा | एल्डर<br>लाक्पा लामा | एल्डर<br>जमान घ्लान |
| श्रावण १२ गते<br>July 27 | एल्डर<br>पेशल राई | श्री<br>फुर्का तामाङ्ग | श्री<br>आशुतोष नगरकोटी | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>गोपी राई | डीकन<br>कृष्ण श्रेष्ठ | एल्डर<br>लाक्पा लामा | श्रीमती<br>देवकी लामा | एल्डर<br>कृष्ण तामाङ्ग | श्री<br>गोविन्द नगरकोटी |
| श्रावण १९ गते<br>August 3 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>लाक्पा लामा | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | डीकन<br>गोपाल नगरकोटी | एल्डर<br>गोपी राई | एल्डर<br>पेशल राई |

नै पाप हो । पापको मालिक शैतान हो । प्रभुलाई चिनेका, उहाँमा विश्वास गर्ने, उहाँलाई पछ्याउनेहरूलाई दुष्ट काम गर्ने छुट छैन । किन ? किनकि हामीहरू पापबाट छुटकारा पाएका मानिसहरू हौं । अब हामी पापको कमारा होइनौं ।

**"जसको कल्पना दुष्टताले पूर्ण छ, र उपद्रयाइँ सोच्दछ, त्यसले भ्रमलाई जन्म दिन्छ । जसले खनेर एउटा खाल्डो बनाउँछ, त्यसले खनेको खाल्डोभित्र त्यो आफै जाकिन्छ । त्यसको उपद्रयाई त्यसको आफ्नै टाउकोमा खनिन्छ, त्यसको अत्याचार त्यसकै थाप्लोमाथि ओइरिन्छ ।"** (भजनसंग्रह ७:१४-१६)

**"दुष्टहरूमाथि उहाँले आगो र गन्धक बर्साउनुहुनेछ । पिल्स्याउने तातो हावा तिनीहरूको भाग हुनेछ । किनभने परमप्रभु धर्मी हुनुहुन्छ, धार्मिक कामहरू उहाँ मन पराउनुहुन्छ । सोझाहरूले उहाँको मुहारको दर्शन गर्नेछन् ।"** (भजनसंग्रह ११:६-७)

त्यसकारण दुष्ट पुस्ताबाट अलग बस भनेर परमेश्वरले जोड् दिनुभएको छ । प्रभुलाई ग्रहण गरेपछि पनि कतिपटक हामीहरू चुक्छौं । प्रभुको विरूद्धमा पापहरू गरेका छौं भने पापलाई लुकाउनु हुँदैन । पश्चात्ताप गर्नुपर्छ । पापलाई लुकाउने होइन, पश्चात्ताप गर्नुमा भलाई छ । हामीले के गर्ने ? हामीले प्रभुको निम्ति ठूला-ठूला कामहरू गर्नु अघि आफ्नो जीवनलाई नियाल्नुपर्छ । अरूको आँखाको कसिङ्गर निकाल्नु अघि आफ्नो आँखाको मुढा निकाल्नु आवश्यक छ । यो काम तब हुन्छ, जब हामी आफ्नो जीवनमा प्रभुसँग मेल खाने कुराहरूलाई पश्चात्ताप गरेर प्रभुतिर फर्कन्छौं र दुष्टताबाट अलग रहन्छौं । हामीले गर्ने काम गर्‍यौ भने प्रभुले गर्नुहुने कामको निम्ति हाम्रो जीवनमा ढोका खुल्दछ । प्रभुले हाम्रो जीवनमा काम गर्ने मौका पाउनु भयो भने हाम्रो जीवनमा प्रभुको योजना पूरा हुनेछ । हाम्रो जीवनमा नयाँ बिहानीको सुरूवात हुनेछ साथै उत्साह, जोश, आनन्द र शान्तिले हाम्रो हृदयमा बास गर्नेछ । हामीले गर्ने काम आज नै गरौं । भोली ढिला हुनसक्छ ।

## जानकारी



स्वयम्भू बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री दिपक देउला ३८ वर्षको उमेरमा जेष्ठ १६ गते/मे २९ तारिख बुधबारका दिन प्रभुमा सुत्नुभयो ।



काभ्रेस्थली बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्रीमती रमिता रम्तेल २८ वर्षको उमेरमा जेष्ठ १७ गते/मे ३० तारिख बिहीबारका दिन बस दुर्घटनामा परी प्रभुमा सुत्नुभयो ।



रानीपौवा बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्रीमती सन्त माया बि.क. ८२ वर्षको उमेरमा आषाढ ५ गते/जून १९ तारिख बुधबारका दिन प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| आषाढ २९ गते<br>July 13 | डीकन<br>श्रीराम सुर्खेती | श्री<br>जीवन खालिङ | डीकन<br>कृष्ण नगरकोटी | एल्डर<br>पिटर लिम्बू | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>छोदेन कार्थक | डीकन<br>डि.बि. राई |
| श्रावण ५ गते<br>July 20 | एल्डर<br>सीता गुरूङ्ग | एल्डर<br>आमोस खालिङ | एल्डर<br>भुवन देवकोटा | श्री<br>प्रेम गुरूङ्ग | एल्डर<br>छोदेन कार्थक | डीकन<br>अनिल आले | एल्डर<br>राजु श्रेष्ठ |
| श्रावण १२ गते<br>July 27 | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>घनश्याम दाहाल | एल्डर<br>यमदेवी पोखेल | एल्डर<br>बि.एन. पण्डित | एल्डर<br>बेन्जामिन तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>जोरविर राई |
| श्रावण १९ गते<br>August 3 | एल्डर<br>रूद्र राई | पाष्टर<br>शरण राई | एल्डर<br>आनन्द न्यौपाने | पाष्टर<br>कर्ण ब. तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>बेन्जामिन तामाङ्ग |

## बधाई



जेष्ठ २० गते/जून २ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य एल्डर अर्जुन ढकालले नेपाल थियोलोजिकल कलेजबाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।



जेष्ठ २० गते/जून २ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य सुश्री आशा थापा मगरले नेपाल थियोलोजिकल कलेजबाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।




आषाढ २ गते/जून १६ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री अन्जान घलेले हिमालयन ग्र्याजुएट स्कूल अफ थियोलोजिबाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।



आषाढ २ गते/जून १६ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य हाल अमेरिका बस्दैआउनुभएकी श्रीमती अम्बिका ढकाल (धिताल) ले हिमालयन ग्र्याजुएट स्कूल अफ थियोलोजिबाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।



आषाढ २ गते/जून १६ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री सैदिप तामाङ्गले हिमालयन ग्र्याजुएट स्कूल अफ थियोलोजिबाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।



आषाढ २ गते/जून १६ तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्य श्री सिलास रोक्काले हिमालयन ग्र्याजुएट स्कूल अफ थियोलोजिबाट एम डिभ उत्तीर्ण गरी दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।



जेष्ठ १३ गते/मे २६ तारिख आइतबार नेइम जोरपाटी चर्चको सदस्य डीकन अमृत लामा र श्रीमती देवकी जिरेल लामाले नेपाल एबिनेजर थियोलोजिक सेमिनरबाट एम डिभ उत्तीर्ण गरी दिक्षीत हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।

**धापासी विश्रामस्थलको सूचना:** धापासी विश्रामस्थलको हालसाबिकको काम भइराखेको कुरा मण्डलीलाई जानकारी गराउँदछौं र उक्त कामको लागि परमेश्वरबाटको ज्ञान बुद्धि र आवश्यक रकम पनि उपलब्ध हुन सकेको होस् भनी मण्डली परिवारलाई प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

## हार्दिक बधाई



जेष्ठ १३ गते/मे २६ तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री साजन राई र सुश्री पवित्रा भारतीको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

**जानकारी:** १. वैशाख २२ गते/मे ४ तारिख शनिबार नेइम जोरपाटी गाम्चा मण्डलीमा ३ जना, जेठ ५ गते/मे १८ तारिख शनिबार नेइम जोरपाटी डाँछी मण्डलीमा १० जनासाथै जेठ १९ गते/जुन १ तारिख नेइम जोरपाटी साँखु मण्डलीका ६ जना सदस्यहरूले समर्पण गर्नुभयो । २. वैशाख २७ गते/९ मे तारिख नेइम जोरपाटी सुनखानी मण्डली भवन अर्पण गरियो साथै त्यस मण्डलीका अगुवा श्री लाल बहादुर श्रेष्ठलाई डीकन छनौट गरियो । ३. जेठ १२ गते/मे २५ तारिख शनिबार नेइम जोरपाटी डाँछी मण्डलीमा २ जना बालबालिकाहरूको बाल अर्पण भयो । ४. नेइम गोंगबूँअर्न्तगत सिन्धुली, मुर्किवेशीमा वैशाख ३१ गते/मे १३ तारिख सोमबार नेइम आगमन चर्च, मण्डली भवन अर्पण गरियो ।



जेष्ठ २० गते/जून २ तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री प्रयास बि.क. र सुश्री अमृता लामिछानेको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ३२ गते/जून १४ तारिख, शुक्रबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री अनुप कार्की र बाइबल चर्च, नेपालगञ्जको सदस्य सुश्री पुष्पा कुमारी भण्डारीको बाइबल चर्च, नेपालगञ्जमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाटहार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २३ 7<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ तिमोथी ३:१६-१७ | ३० 14<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ६ 21<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जानेर विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ | १३ 28<br>मण्डलीलाई अगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>यर्मिया ३२:३९ |
| **सोमबार** Monday | २४ 8<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | ३१ 15<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ७ 22<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | १४ 29<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ |
| **मंगलबार** Tuesday | २५ 9<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैँ भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | श्रावण १ 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ८ 23<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११ | १५ 30<br>परमेश्वरको महिमाको लागि सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बुधबार** Wednesday | २६ 10<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | २ 17<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ९ 24<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १६ 31<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ |
| **बिहीबार** Thursday | २७ 11<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | ३ 18<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक रूपमा मात्र वृद्धि हुने मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १० 25<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | १७ August 1<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २८ 12<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ४ 19<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | ११ 26<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १८ 2<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार** Saturday | २९ 13<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ५ 20<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १२ 27<br>नेपालको विभिन्न कारागारमा रहेका कैदीहरूले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | १९ 3<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>व्यवस्था २८:१-१३ |

**परमप्रभु उच्च हुनुभएको छ, किनकि उहाँ उच्चमा विराजमान हुनुहुन्छ । उहाँले सियोनलाई न्याय र धार्मिकताले परिपूर्ण पार्नुहुनेछ । तिमीहरूको समयको लागि उहाँ पक्का जग र मुक्ति तथा ज्ञान र बुद्धिको बहुमूल्य भण्डार हुनुहुनेछ । परमप्रभुको भय मान्नु नै यस भण्डारको साँचो हो ।**

**यशैया ३३:५-७**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,